# चौतारा साँगाचोकगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौतारा, सिन्धुपाल्चोक

पत्र संख्या : ०७७/७८
चलानी नं. : २१४

बागमती प्रदेश, नेपाल

मिति २०७७/०५/३१

## सूचना ! सूचना !! सूचना !!!

उपर्युक्त सम्बन्धमा आ.व. ०७७/७८ को लागि मात्र कोशेली घर सञ्चालन प्रयोजनार्थ तपशिल अनुसारको स्थानमा तपशिल अनुसारको सटर भाडामा दिनु पर्ने भएकाले इच्छुक संघ, संस्था, समुह, सहकारी संस्थाहरुले सूचना प्रकाशीत भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिलबन्दी निबेदन पेश गर्नुहुन २०७७/०४/२३ को नगर प्रमुख स्तरीय निर्णय अनुसार सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोमा मिति २०७७/०५/०१ गते देखि जिल्ला प्रशासन कार्यालय, चौताराको निषेधाज्ञाको कारण ५ दिन समय अपुग भएको कारणले थप ५ दिन अर्थात् मिति २०७७/०६/०१ देखि २०७७/०६/०५ गते सम्मका लागि म्याद थप गरिएको व्यहोरा मिति २०७७/०५/३१ को नगर प्रमुखस्तरीय निर्णयानुसार सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. १२ मा अवस्थित बन्देउ चौतारा मूल सडकको जुगल क्याम्पस जाने चोकमा रहेको सटर ।
२. उक्त सटरको न्यूनतम भाडा रु २,०००।- (दुई हजार) मासिक रहने छ ।
३. उक्त सटरमा स्थानीय स्तरमा उत्पादन हुने बिभिन्न (Handicraft) हस्तकला सम्वन्धी सामाग्रीहरु स्थानीय सहकारीका उत्पादनहरु, नगरपालिकाको चिनारी झल्कने सामाग्रीहरु,
४. ढाकाबाट निर्मित कपडाहरु, मखमलका जुत्ताहरु, लप्सी क्यान्डी स्थानीय स्तरमा उत्पादित अचार, सिस्नो पाउडर, बाँसबाट निर्मित सामाग्रीहरु आदीको भण्डारण र बिक्रि बितरण गर्नु पर्नेछ ।
५. घर भाडा लिन इच्छुक संघ संस्था, समूह सहकारीले दर्ता प्रमाणपत्र, नबिकरण करचुत्ता, स्थायी लेखा नम्बर दर्ता लगायतका प्रमाण पत्रको फोटोकपीहरु स्वंयमले प्रमाणित गरी सूचना प्रकाशीत भएको मितिले ५ औं दिनको १२ बजे भित्र रु १०।-(दश) को टिकट टाँसी शिलवन्दी निबेदनहरु दर्ता गरिसक्नु पर्नेछ र सोही ५ औं दिन अर्थात् मिति २०७७/०६/०५ गते दिउसो १ बजे पर्न आएका शिलबन्दी निबेदनहरु खोलिनेछ ।
६. रित नपुऱ्याई आएका निबेदको हकमा कुनै कारबाही गरिने छैन ।
७. निबेदन खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट शिलवन्दी निबेदनका खामहरु खोलिनेछ ।
८. निबेदन स्वीकृत हुने संघ संस्था/कम्पनी/फर्मले सम्झौता गर्दाको बखत अग्रिम रुपमा ६ महिनाको भाडा बुझाए पछि सम्झौता गरिने छ र अग्रिम रुपमा ६/६ महिनाको भाडा बुझाउदै जानु पर्नेछ ।
९. पर्न आएका निबेदनहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार चौतारा साँगाचोकगढी नगरपालिकालाई सुरक्षित हुनेछ ।

२०७७/०५/३१

(दुर्गा प्रसाद ढुङ्गेल)
का.प्रमुख प्रशासकीय अधिकृत

दुर्गा प्रसाद ढुंगेल
अधिकृतस्तर छैटौं